# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल
शिक्षा, युवा तथा खेलकुद शाखा


सुचना नं: ३८८

मिति-२०८२/०८/४
नेपाल सं.११४६ कछलागा आमै

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ।

धनुषा जिल्ला मिथिला नगरपालिका अन्तर्गत श्री माध्यमिक विद्यालय शिवनगर गितापुर, मिथिला -१ धनुषामा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च. नं. २१ मिति २०८२/०८/०१ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना shreebasicschool2042@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

बोधार्थः

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, जनकपुरधाम, धनुषा ।
२. श्री माध्यमिक विद्यालय शिवनगर गितापुर, मिथिला -१ ।
३. श्री सुचना प्रविधि शाखा, मिथिला नगरपालिका, website मा सूचना राखिदिनु हुन।

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत



प्रमुख प्रशासकीय अधिकृत